# प्रेस विज्ञप्ति

मूलुकको उद्योग, प्रतिष्ठान, व्यापार, व्यवसाय र सेवाको क्षेत्रमा श्रमसम्बन्धी ऐन, नियम तथा नीति निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गर्ने तथा श्रमिकहरुको लागि सुरक्षित, मर्यादित र स्वास्थ्य कार्य वातावरण सिर्जना गर्दै असल श्रम सम्बन्ध कायम गरी औद्योगिक उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुर्‍याउने उद्देश्यको साथ यस विभागबाट आ.व. २०७८/०७९ मा सम्पन्न भएको मुख्य कामहरु तपसिल अनुसार रहेको छ ।

<u>तपशिल</u>

आ.व. २०७८/०७९ को कार्य सम्पादन तथा सम्पन्न भएको मुख्य कामहरुः–

१. (क) गैर नेपाली नागरिकलाई श्रम इजाजत जारीः ९५० जना र श्रम इजाजत अवधि थपः १२३१ जना

मान्यता प्राप्त प्रतिष्ठान संख्याः २८०

जम्मा श्रम इजाजत जारीः २१८१

<u>श्रम इजाजत प्राप्त गर्ने गैरनेपालीको संख्या र मुख्य देशहरुः-</u>

१. चीनः १६२९

२. संयुक्त राज्यः १०६

३. संयुक्त राज्य अमेरिकाः ८३

४. जापानः ६१

५. भारतः ५७

(ख) प्रतिष्ठान निरीक्षण संख्याः २६९९ वटा प्रतिष्ठानहरु

(ग) श्रम अडिट प्रतिवेदन प्राप्त संख्याः २९१९ वटा प्रतिष्ठानबाट

(घ) श्रम आपूर्तिकर्ता इजाजत पत्र प्रदान भएको संख्या, नयाँः ८३ वटा र नविकरणः ३५१ वटा संस्थालाई

(ङ) व्यक्तिगत दाबी उजुरीः ५९७ जनाबाट प्राप्त

(च) सामूहिक दाबी उजुरीः १५५ संस्था/युनियनबाट प्राप्त

(छ) औद्योगिक दुर्घटनाः २६ जना प्रभावित (घाइते/अंगभंग) लाई क्षतिपूर्ति दिलाएको

(ज) प्रतिष्ठानमा काम गर्ने विदेशी श्रमिकले श्रम स्वीकृति लिए/नलिएको अनुगमनः ३५ वटा प्रतिष्ठानहरु

(झ) वैदेशिक रोजगारमा जाने नेपाली नागरिकको पुनः श्रम स्वीकृति प्रदान गरिएको संख्याः ५२६७९ (विभिन्न श्रम तथा रोजगार कार्यालयहरुबाट)

(ञ) अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनका लागि प्राप्त संख्याः ४२ वटा फैसला

२. श्रम अडिट, श्रमिक आपूर्ति इजाजत पत्र, ट्रेड युनियन दर्ता नविकरण मान्यता अवधि लगायतको अभिलेख विद्युतीय माध्यमबाट राख्न शुरु गरिएको छ ।

३. गैर नेपाली दक्ष नागरिकहरुले नेपाली श्रमिकलाई दक्ष बनाई प्रतिस्थापन योजना सहित विद्युतीय माध्यमबाट तथ्याङ्क संकलन गर्न Software निर्माण कार्य सम्पन्न भई प्रयोगमा आएको छ ।

४. प्रादेशिक रुपमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यमा उत्कृष्ट व्यवस्थापन तथा अभ्यास गर्ने प्रतिष्ठानलाई सम्मान गर्ने कार्यक्रम अन्तर्गत निम्न प्रतिष्ठानहरुलाई सम्मान गरियो ।

(क) प्रदेश नं. १ बाट श्री रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, इटहरी, सुनसरी

(ख) मधेश प्रदेशबाट सूर्य नेपाल प्रा.लि., सिमरा, बारा

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
मीनभवन, काठमाडौं

(ग) बागमती प्रदेशबाट बोटलर्स नेपाल लिमिटेड (कोकाकोला), बालाजु, काठमाडौं

(घ) गण्डकी प्रदेशबाट गोरखा ब्रुअरी प्रा.लि., नवलपरासी पूर्व

(ङ) लुम्बिनि प्रदेशबाट सि.जि. फुड्स ई. प्रा.लि., बाँसगढी, बर्दिया

(च) कर्णाली प्रदेशबाट मध्यपश्चिम वाटर एण्ड वेभरेज प्रा.लि., विरेन्द्रनगर, सुर्खेत

(छ) सूदुरपश्चिम प्रदेशबाट सूदुर फुड इण्डस्ट्रिज, गोदवारी, कैलाली

५. अनौपचारिक रोजगारका क्षेत्रलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्ने योजना अन्तर्गत घरेलु श्रमिक, निर्माण श्रमिक, यातायात श्रमिकको अवस्थाबारे अध्ययन सम्पन्न गरी प्रतिवेदन तयार भएको छ ।

६. श्रम ऐन, २०७४, नियमावली, २०७५ को OSH सम्बन्धी भएको व्यवस्था तथा राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ मा आधारित क्षेत्रगत आधारमा ७ (सात) प्रदेश समेटिने गरी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

७. सुरक्षा सेवा, सहजकारी सेवा, व्यवसायिक सहयोग सेवा र घरेलु श्रमिक गरी ४ प्रकारका श्रमिक आपूर्तिकर्ता मार्फत् आपूर्ति गर्ने श्रमिकहरुको लागि नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक तथा श्रम ऐन, २०७४, नियमावली, २०७५ बमोजिम पाउनु पर्ने पारिश्रमिकलाई विभिन्न शीर्षकमा विभाजन र सरलिकृत गरी कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालाहरुलाई परिपत्र गरिएको छ ।

८. नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक तथा श्रम ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम श्रमिकले पाउनु पर्ने रकमभन्दा कममा टेण्डर मार्फत् हुने सम्झौताहरुलाई मान्यतता नदिने श्रम ऐन, २०७४ को दफा ५८(४) अनुसार सम्झौता रद्द गर्ने निर्णय गरिएको छ । सोको कार्यान्वयनको लागि सम्बन्धित सबै सरोकारवालाहरुलाई परिपत्र गरिएको छ ।

९. <u>आर्थिकसँग सम्बन्धित</u>

(क) बोनस ऐन, २०३० अनुसार राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा भएको रकमः-
रु. १,३०,९९,६८,७६०।३३ (यस विभाग र कार्यालयहरुबाट अनुगमन गर्नुपर्ने जिम्मेवारी भएको)

(ख) - श्रमिक आपूर्तिकर्ता कम्पनीहरुबाट सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकमः-

- विभागमा जम्मा भएको राजश्व रकमः रु. ४,९६,५३,५९०।०० (विभिन्न दस्तुर बापतको)
- विभागमा जरिवाना बापत जम्मा भएको रकमः रु. ४६,४८,२१२।०० (श्रम कानूनको बर्खिलाप भएकोमा कारवाही स्वरुप जरिवाना गरिएको)

........................२०७९/६/१२

(मणिनाथ गोप)
प्रवक्ता
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग